# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल

☎: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
www.paiyunmun.gov.np


## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना !

(दोस्रो पटक प्रकाशित मितिः २०८३।०४।२७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम आ.व.२०८३।८४ को लागि पैयूँ गाउँपालिका क्षेत्राधिकारबाट कवाडी जन्य सामान संकलन तथा निकासी करको लागि तपशिलको बमोजिमको सिलबन्दी दरभाउपत्र बन्दोबस्त गर्नुपर्ने भएकाले तोकिएको न्यूनतम अंकमा नघट्ने गरि नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट आ. व. २०८१।०८२ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपीहरु संगल्न गरि सिलबन्दी प्रकृयामा सहभागि हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य थप जानकारीको लागि गाउँ कार्यपालिकाको सूचनापाटी वा वेबसाईट www.paiyunmun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकीनेछ ।

**तपशिल**

| सि. नं | ठेक्का नं | कामको विवरण | न्यूनतम अंक रु. (भ्याट बाहेक) | धरौटी | दरभाउ दस्तुर | ठेक्का अवधी |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक आय ०१।२०८३।०८४ | गाउँपालिका क्षेत्रभित्रबाट कवाडी जन्य सामान संकलन तथा निकासी | १,२१,९००।- | कबोल अंकको(भ्याट समेत) ५ प्रतिशत रकमको बैंक भौचर वा सो वरावरको बैंक जमानत | १०००।- | २०८४ साल असार मसान्तर सम्म |

१. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा चालु आ.व.का लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनीले भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी साथै आ.व.२०८१।८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी सहित सिलबन्दी दरभाउपत्र फारम दस्तुर वापतको रकम कृषि विकास बैंक लि, हुवास शाखामा रहेको यस कार्यालयको ग.१.१ आन्तरिक राजश्व खाता नं. **०३१८५०१५०८४०१०७६** मा अनसुची २४ बमोजिमको फर्म सहित राजश्व शिर्षक नं. १४२२९ वा गाउँपालिकाको राजश्व शाखामा रु.१,०००।-(अक्षरुपी एक हजार मात्र) जम्मा गरेको सक्कल भौचर पेश गरी www.bolpatra.gov.np मा खरिद पेश गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा सिलबन्दी खरिद दस्तुर रसिदलाई सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले ८ औं (२०८३।०५।०३ गते) दिन दिनको १२:०० बजे सम्म दाखिला गर्नुपर्नेछ र दिनको १:०० बजे फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। फर्म वा कम्पनीको प्रतिनिधीहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन। सिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा लगत्तै पछि कार्यालय खुलेको दिनमा हुनेछ।

५. दरभाउपत्र फाराम भर्दा सवै विवरण खुलाई केरमेट नगरि कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. सिलबन्दी दरभाउपत्र साथ कवोल गरेको जम्मा अंक (भ्याट समेत) को ५ प्रतिशतले हुन आउने जमानत वापतको रकम कृषि विकास बैंक लि, हुवास शाखामा रहेको यस कार्यलयको ग.३ धरौटी खाता नं. **०३१८५०१५०८४०१०४१** मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाउँमा जारी भएको नियमानुसारको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ।

७. रित नपुगेको वा कुनै शर्त राखिएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गरिने छैन ।

८. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. यस सम्बन्धमा अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुने छ।

१०.अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं. ०६७-४११७०१ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत